सुनवर्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश मोरङ, नेपाल

प.सं. २०८२/०८३
च.नं. १०८६

मिति:२०८२/०९/२४

श्री (कक्षा- ८) संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरु,
सुनवर्षी नगरपालिका, डाईनिया मोरङ ।

**विषयः आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षा २०८२ सम्बन्धमा।**

आधारभूत तह ( कक्षा ८) उत्तीर्ण परीक्षा समितिको मिति २०८२/०९/२१ को निर्णयानुसार शै.स. २०८२ को आधारभूत तह ( कक्षा ८) उत्तीर्ण परीक्षाको लागि २०८२ माघ २० गते कार्यालय समयभित्र देहायबमोजिम कार्य गर्नु भई विवरण सश शाखामा बुझाउन हुन अनुरोध छ ।

<u>विद्यालयले गर्नुपर्ने कार्यहरु:</u>

१. विद्यार्थीहरुको विवरण ठिक छ कि छैन एकिन गरी विद्यार्थीको विवरण ठिक नभएको भए पछिसम्म फरक नपर्ने गरी IEMIS मा विद्यार्थीको जन्म दर्ता अनुसार सबै विवरण (विद्यार्थीको नामथर जन्ममिति स्थायी/ अस्थायी ठेगाना अभिभावकको नाम सम्पर्क नं. सहित) २०८२ पुस ३० गते भित्र अनिवार्य Update गर्ने।

२. मिति २०८२ पुस ३० गतेभित्र विद्यार्थीहरुको विवरण Update भएपश्चात २०८२ माघ महिनाको दोस्रो हप्ताभित्र विद्यालयहरुलाइ शिक्षा, युवा तथा खेलकुद शाखाबाट Symbol Number उपलब्ध गराइनेछ ।

३. विद्यालयले Manage Exam मा गएर Application form मा Click गरेर १ प्रति print गर्ने र विद्यार्थी र अभिभावकलाइ रुजु गर्न लगाउने ।

४. Manage Exam मा गएर Symbol Number हाली Admit Card मा Click गरेर २ प्रति Admit Card Print गर्ने र विद्यार्थीको पोशाक सहितको फोटो टाँसी प्रधानाध्यापक/ प्रिन्सिपलले प्रमाणित गर्ने ।

५. विद्यार्थीहरुको फोटो IEMIS System मा Upload गरिएको भए फोटो सहितको Admit Card Print गर्ने ।

६. विधालयको Cover Letter सहित विद्यार्थीहरुको विवरण IEMIS Order मा फाराम दुईवटा फाइलमा तयार गरी एउटा फाइलमा अनिवार्यरुपमा विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र कक्षा ७ को ग्रेडसिटको प्रतिलिपि राखेर शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउने।

(नोटः- उक्त कार्य सम्पादन गर्दा केही समस्या परेमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नु हुन) ।

05/26
शिक्षा अधिकृत

"कृषि, शिक्षा, स्वास्थ्य र दिगो पूर्वाधारः समृद्ध सुनवर्षीको आधार"

फोन ०२१-४३३०२५(नगरप्रमुख) ०२१-४३३०२६(नगर उपप्रमुख) वेबसाइट:www.sunawarshimun.gov.np इमेल:sunawarshimun@gmail.com

CS Scanned with CamScanner